अनुसूची -१

## (दफा ५.२ सँग सम्बन्धित कार्यविवरणको ढाँचा)

## कर्णाली प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## वीरेन्द्रनगर, सुर्खेत

## प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम, कार्यक्रम कार्यान्वयन इकाई

## न्यायिक सहजकर्ताको कार्य विवरण

पदः न्यायिक सहजकर्ता

प्रतिवेदनः प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम, कार्यक्रम कार्यान्वयन इकाई / सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत

कार्यक्षेत्रः यस कर्णाली प्रदेशका १० वटै जिल्लाका तोकिएको स्थानीय तह

**कार्य-विवरण**

(क) असहाय, अशक्त, नाबालक, महिला, दलित, पिछडिएको वर्ग, सिमान्तकृत, आर्थिक रूपमा विपन्न वा आफ्नो तर्फबाट लेखापढी गर्न नसक्ने पक्षको तर्फबाट गाउँपालिका समक्ष दिइने निवेदनहरु तयार गर्न सहयोग गर्ने,

(ख) न्यायिक कार्य गर्नको लागि पालिकाको न्यायिक समितिलाई आवश्यक सहयोग गर्ने,

(ग) नगर/ गाउँपालिकाको कानून निर्माण गर्ने प्रक्रियामा सहयोग पुग्ने,

(घ) स्थानीय तहमा दर्ता भएका सामान्य विवादहरुमा दुवै पक्ष वीच मिलापत्र गराउन पहल गर्ने,

(ङ) कार्यालय र नगर/ गाउँपालिका प्रति जवाफदेही र उत्तरदायी भइ कार्य गर्नु पर्ने,

(च) कार्यालयले समय समयमा दिएका निर्देशनहरुको पालना गर्ने,

(छ) आफूले प्रदान गरेको सेवाको प्रगति विवरण, कार्य सम्पादन गर्ने क्रममा देखा परेका कठिनाई र कुनै सुझाव भए सो समेत खुलाई स्थानीय न्यायिक समिति र प्रमुख प्रशासकीय आधिकृत समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ,

(ज) सामुदायिक मेलमिलापकर्ताहरुसंग समन्वय गरी विवाद समाधानमा सहयोग गर्ने,

(झ) आफुले सेवा प्रदान गर्ने सिलसिलामा जानाजान वा बदनियतपूर्वक न्यायिक समितिमा विचाराधिन विवादको मिलापत्रमा तटस्थ रुपमा विवादको समाधानमा सहयोग गर्ने,

(ञ) न्यायिक समितिमा दर्ता भएका उजुरीको सम्बन्धमा किनारा लगाउन आवश्यक प्रक्रियागत सहयोग गर्ने,

(ट) प्रगतिको समय समयमा स्थानीय न्यायिक समिति र प्रमुख प्रशासकीय आधिकृतलाई प्रतिवेदन पेश गर्नु पर्नेछ,

(ठ) कार्यालय र इकाईबाट तोकिए बमोजिम अन्य कार्य गर्ने ।